# मिति २०८१/०६/२० गते आइतबार, १६४ औं कार्यपालिका बैठक

## प्रस्तावहरुः

१. वडा दशैंको शुभकामना सम्बन्धमा।

२. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा।

३. आय र व्ययको विवरण सम्बन्धमा।

४. ग्राभेल उठाउन अनुमती माग गर्ने सम्बन्धमा।

५. कुसुण्डा भाषा कक्षा संचालनको गत आ.व.को भुक्तानी बाँकी सम्बन्धमा।

६. ठेक्काको म्याद थप सम्बन्धमा।

(क) खिरिटियादेखि ६ नं. वडा कार्यालयसम्म सडक पिच।

(ख) वडा नं. १४ रझेना जाने चोकदेखि लक्छि लामा घरहुँदै आर्मि व्यारेकसम्म फुटपाथ सहित, नाला सहित सडक स्तरउन्नती

(ग) मा.वि. बुकामा कभर्ड हल निर्माण।

(घ) कल्भर्ट निर्माण वडा नं. १० र ४।

(ङ) नगर प्रशासनीक भवन निर्माण

७. नदी खोलाको IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा।

८. आ.व. २०८१/०८२ मा सञ्चालन हुने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन सम्वन्धी मार्गदर्शन निर्माण सम्बन्धमा।

९. कार्यविधि पारित तथा संशोधन सम्बन्धमा।

(क) कर्मचारी प्रोत्साहन तथा अतिरिक्त भत्ता सम्बन्धी मापदण्ड २०८१

(ख) घोराही उपमहानगरपालिकाको वार्षिक योजना/कार्यक्रम तथा बजेट तर्जुमा दिग्दर्शन सम्बन्धमा।

(ग) घोराही उपमहानगरपालिकाको आन्तरिक लेखा परिक्षकको आचारसंहिता सम्बन्धमा।

(घ) घोराही उपमहानगरपालिकाको नागरिक बजेट निर्देशिका सम्बन्धमा।

(ङ) सामुदायिक सिकाइ केन्द्रमा परिचालक व्यवस्था गर्ने सम्वन्धी कार्यविधि, २०८१

(च) भवन निर्माण अनुमति तथा इजाजत सम्बन्धी कार्यविधि २०७५ दोस्रो संशोधन।

१०. योजना कार्यान्वयन सम्बन्धमा।

११. विविध।

११.१ औषधी उपचार खर्च सहयोग सम्बन्धमा।

११.२ काज किरिया खर्च सहयोग गर्ने सम्बन्धमा।

११.३ लेनिन स्मृति शतवार्षिकी समिति दाङलाई आर्थिक सहयोग।

११.४ विनिता डाँगीलाई शोधपत्रका लागि आर्थिक सहयोग।

**निर्णय नं. १**

वडा दशै २०८१ को सुखद उपलक्ष्यमा सम्पूर्ण नगरवासी आमा बुबा, दाजुभाइ, दिदी बहिनी लगायत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै चाडबाँडलाई तडकभडक रहित तथा मर्यादित तरिकाले मनाउन नगरवासीहरुमा अनुरोध गर्ने।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८१/८२को असोज १८ गतेसम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**तपसिल**

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालु तर्फको खर्च | पुँजीगत तर्फको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,४२,७७,१८,०००।- | ४८,६५,१३,६०१.९४।- | २५,५०,३९,३६७.४६।- (१९.८%) | २,५०,९४,२०४।- (२.२%) | |

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र वर्षातका कारण सडकमा खाल्टाखुल्टी परी सवारी तथा मानव आवागमनमा समेत समस्या आएको हुँदा नजिकिएको चाडवाडलाई मध्यनजर गर्दै खाल्टखुल्टी परेका सडकहरु तत्काल मर्मत गर्नुपर्ने अवस्था रहेकोले सम्बन्धीत वडाको प्राविधिकबाट लागत इस्टीमेट सहित मर्मतका लागि पेश हुन आएमा सडक मर्मत गर्न आवश्यक पर्ने ग्राभेल सम्बन्धीत वडाको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेगरी वडाको पायक पर्ने स्थानबाट उठाउन अनुमति दिने।

**निर्णय नं. ५**

कुसुण्डा भाषा कक्षा संचालनका लागि मिति २०८०।१२।२७ गते बसेको नगरकार्यपालिकाको १५५औं बैठकबाट ९४,१५०।— आर्थिक सहायता प्रदान गर्ने भनि निर्णय भएकोमा गत आ.व.मा स्रोतमा भएको चापका कारण भुक्तानी हुन नसकेकोले उक्त रकम चालु आ.व.२०८१/८२को घोराही उपमहानगरपालिकाको वार्षिक बजेट अन्तर्गत अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई अनुमती दिने।

### निर्णय नं. ६

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद (तेह्रौ संशोधन) नियमावली २०८० को नियम १२०, १२० क को आदेशअनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | पहिलो पटक म्याद थप भएको मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/03/078/079 | खिरिटियादेखि ६ नं. वडा कार्यालयसम्म सडक पिच | वराहक्षेत्र/हरित तारा कन्स्ट्रक्सन जे.भी. | २०७८।१०।०७ | २०७९।०३।३२ | २०८०।०९।३० | २०८१।१०।३० |
| २ | NCB/WORKS/GSMC/42/079/080 | वडा नं. १४ रझेना जाने चोकदेखि लक्की लामाको घरहुँदै आर्मी व्यारेकसम्म फुटपाथ सहितको नाला सहित सडक स्तरउन्नती | श्री जयपति खनाल कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि. | २०८०।०८।१२ | २०८१।०३।३१ | २०८१।०९।२८ | |
| ३ | NCB/WORKS/GSMC/06/080/081 | मा.वि. बुकामा कभर्ड हल निर्माण | जे.आर.एस. इन्जिनियरिङ सलुसन कन्स्ट्रक्सन प्रा.लि. | २०८०।१०।१४ | २०८१।०३।३१ | २०८१।०८।१५ | |
| ४ | NCB/WORKS/GSMC/11/079/080 | घोराही १० डावरको भमै सोतामा कल्भर्ट निर्माण र वडा नं. ४ घोराही भैसाहीदेखि रामपुर जाने बाटोमा पर्ने अमारे सोतामा कल्भर्ट निर्माण | पञ्चकोशी कन्स्ट्रक्सन प्रा.लि. नारायण न.पा. ०१ दैलेख | २०७९।१२।२६ | २०८०।०३।३१ | २०८०।१२।२९ | २०८१।०६।२९ |
| ५ | NCB/WORKS/GSMC/09/77/078 | नगर प्रशासनीक भवन | गौरी पार्वती/भुसाल/बस्नेत जे.भी. | २०७८।०१।०६ | २०८०।०१।३१ पहिलो पटक म्याद थप भएको मिति २०८०।०३।३१ | दोस्रो पटक थपिएको म्याद २०८०।१२।२० | २०८२।०३।३० |

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका तपसिल बमोजिमका खोलानालाहरुबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खननका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेख भएका घाट र परिमाण स्वीकृत गरी ती नदीघाटहरु ठेक्का आव्हान गरी बिक्री गर्ने।

**तपसिल**

**घोराही उप महानगरपालिका अर्न्तगत विभिन्न खोलाहरुको विभिन्न घाटहरुको नदिजन्य पदार्थहरुको (IEE) अनुसारको परिमाण २०८१/८२**

| खोलाको नाम | क्षेत्र | संकलन/ उत्खनन गरिने बस्तु | दिगो उत्खनन गर्न सकिने परिमाण | | | बार्षिक उत्खनन आयतन (घ.मि.) | दैनिक उत्खनन आयतन (घ.मि.) | बार्षिक उत्खनन आयतन (क्यु.फि.) | राजश्व (रु) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | लम्बाई (मि.) | चौडाई (मि.) | गहिराई (मि.) | | | | |
| हापुर खोला | दुविचौर आसपास क्षेत्र | ढुङ्गा, गिट्टि, वालुवा | १०० | २० | ०.८ | १६०० | ५.९२ | ५६५०४ | ४५२०३२ |
| | अस्परा घाट क्षेत्र | ढुङ्गा, गिट्टि, वालुवा | २०० | २५ | ०.८ | ४००० | १४.८१ | १४१२६० | ११३००८० |
| | तेघरा आसपास क्षेत्र | ढुङ्गा, गिट्टि, वालुवा | ५०० | २५ | ०.८ | १०००० | ३७.०३ | ३५३१५० | २८२५२०० |
| | सेति दोभन झोलुङ्गे पुल देखि माथिको क्षेत्र १ | ढुङ्गा, गिट्टि, वालुवा | ५० | २० | ०.५ | ५०० | १.८५ | १७६५७.५ | १४१२६० |
| | सेति दोभन झोलुङ्गे पुल देखि माथिको क्षेत्र २ | ढुङ्गा, गिट्टि, वालुवा | ८० | १० | ०.७ | ५६० | २.०७ | १९७७६.४ | १५८२११.२ |
| | बरुवा गाउ घाट | ढुङ्गा, गिट्टि, वालुवा | १०० | १० | ०.९ | ९०० | ३.३३ | ३१७८३.५ | २५४२६८ |
| | खैरी घाट क्षेत्र | ढुङ्गा, गिट्टि, वालुवा | पुल र बाँधको मापदण्ड भित्र पर्ने भएकोले सिफारिस गरिएको छैन । | | | | | | |
| | चाघु घाट क्षेत्र | ढुङ्गा, गिट्टि, वालुवा | २३० | २२ | ०.९ | ४५५४ | १६.८६ | १६०८२४.५१ | १२८६५९६.०८ |
| पत्रे खोला | पेरनी घाट | ढुङ्गा, गिट्टि, वालुवा | ७० | ३० | ०.८ | १६८० | ६.२२ | ५९३२९.२ | ४७४६३३.६ |
| सेवार खोला | तुरुन्तपुर योग साधना केन्द्रको उत्तरको भुभाग | ढुङ्गा, गिट्टि, वालुवा | ८० | २० | १ | १६०० | ५.९२ | ५६५०४ | ४५२०३२ |
| | नयाँ बसपार्कको पुल देखि दक्षिण तर्फको भुभाग | ढुङ्गा, गिट्टि, वालुवा | पुल र बाँधको मापदण्ड भित्र पर्ने भएकोले सिफारिस गरिएको छैन । | | | | | | |
| | कविला रिर्सोट देखि दक्षिको भुभाग | ढुङ्गा, गिट्टि, वालुवा | २८० | ३० | १ | ८४०० | ३१.११ | २९६६४६ | २३७३१६८ |
| कटुवा खोला | संखे पिपल घाट हुदै अम्विकेश्वरी मन्दिरको पश्चिमको भुभाग | ढुङ्गा, गिट्टि, वालुवा | १६० | २२ | ०.६ | २११२ | ७.८ | ७४५८५.२८ | ५९६६८२.२४ |
| | क्वाडि नर्सरी देखि दक्षिण ढिकपुर फुटवल ग्राउण्ड देखि उत्तर | ढुङ्गा, गिट्टि, वालुवा | १०० | १५ | ०.६ | ९०० | ३.३३ | ३१७८३.५ | २५४२६८ |
| | क्वाडि नर्सरी देखि दक्षिण दोभान सम्मको घाट | ढुङ्गा, गिट्टि, वालुवा | ७५ | १५ | ०.७ | ७८७.५ | २.९१ | २७८१०.५६ | २२२४८४.५ |
| | ओखरा घाट | ढुङ्गा, गिट्टि, वालुवा | ६५ | २० | ०.४ | ५२० | १.९२ | १८३६३.८ | १४६९१०.४ |
| वालिम खोला | बालापुर जाने बाटोमा पर्ने झिङ्गनी बाँधको उत्तर | ढुङ्गा, गिट्टि, वालुवा | ३०० | २५ | ०.८ | ६००० | २२.२२ | २११८९० | १६९५१२० |
| | बालापुर जाने बाटोमा पर्ने झिङ्गनी बाँधको दक्षिण | ढुङ्गा, गिट्टि, वालुवा | २०० | २० | ०.७ | २८०० | १०.३७ | ९८८८२ | ७९१०५६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निमुरिया जाने बटोको तलको क्षेत्र | ढुङ्गा, गिट्टि, वालुवा | १५० | २० | ०.८ | २४०० | ८.८८ | ८४७५६ | ६७८०४८ |
| | निमुरिया जाने बटोको माथि र वि.पि. राजमार्गको तल | ढुङ्गा, गिट्टि, वालुवा | २०० | २२ | ०.६ | २६४० | ९.७७ | ९३२३१.६ | ७४५८५२.८ |
| सिस्ने खोला | ओखरा भैसाही बाँध देखी दक्षिण र चौघेरा खानेपानि डिपबोरिङ्ग देखि उत्तर | ढुङ्गा, गिट्टि, वालुवा | ६० | १५ | ०.३ | २७० | १ | ९५३५.०५ | ७६२८०.४ |
| बबई नदि | गुरगैं घाट | ढुङ्गा, गिट्टि, वालुवा | पुलको मापदण्ड भित्र पर्ने भएकोले सिफारिस गरिएको छैन । | | | | | | |
| | ढोल्य घाट | ढुङ्गा, गिट्टि, वालुवा | २०० | ४० | १ | ८००० | २९.६२ | २८२५२० | २२६०१६० |
| | लम्डरुवा घाट | ढुङ्गा, गिट्टि, वालुवा | २०० | २५ | ०.७ | ३५०० | १२.९६ | १२३६०२.५ | ९८८८२० |
| | राम घाट | ढुङ्गा, गिट्टि, वालुवा | १०० | २५ | १ | २५०० | ९.२५ | ८८२८७.५ | ७०६३०० |
| | महाराज कुटि देखि दक्षिणको भुभाग | ढुङ्गा, गिट्टि, वालुवा | पुलको मापदण्ड भित्र पर्ने भएकोले सिफारिस गरिएको छैन । | | | | | | |
| | जजरा गाउँ क्षेत्र | ढुङ्गा, गिट्टि, वालुवा | २२० | २२ | १ | ४८४० | १७.९२ | १७०९२४.६ | १३६७३९६.८ |
| | गोठलि गाउँ घाट | ढुङ्गा, गिट्टि, वालुवा | २३० | २२ | ०.५ | २३५० | ९.३७ | ८९३४६.९५ | ७१४७७५.६ |
| | सिसिपुर घुस्रा घाट | ढुङ्गा, गिट्टि, वालुवा | ७० | २० | ७ | ९८० | ३.६२ | ३४६०८.७ | २७६८६९.६ |
| सेवार गुर्जे र जंगुवा | शुकबार दुन्द्रा घाट क्षेत्र १ (यो क्षेत्र घोराही ८को दुन्द्रा खल्यान देखि तलको भुभाग पनि हो) | ढुङ्गा, गिट्टि, वालुवा | ६० | २० | ०.४ | ४८० | १.७७ | १६९५१.२ | १३५६०९.६ |
| | शुकबार दुन्द्रा घाट क्षेत्र २ | ढुङ्गा, गिट्टि, वालुवा | ६५ | २२ | ०.८ | ११४४ | ४.२३ | ४०४००.३६ | ३२३२०२.८८ |
| | शुकबार बुधैरा घाट (यो क्षेत्र घोराही ८को बुधैरा क्षेत्र पनि पर्दछ) | ढुङ्गा, गिट्टि, वालुवा | ६५ | २५ | ०.८ | १३०० | ४.८१ | ४५९०९.५ | ३६७२७६ |
| | सौडियार र सौडिको घाट | ढुङ्गा, गिट्टि, वालुवा | ६० | २५ | ०.५ | ७५० | २.७७ | २६४८६.२५ | २११८९० |
| | सेवार गुर्जे दोभान | ढुङ्गा, गिट्टि, वालुवा | ६० | २० | ०.५ | ६०० | २.२२ | २११८९ | १६९५१२ |
| | सौडि घडेरि डाँडाको क्षेत्र | ढुङ्गा, गिट्टि, वालुवा | ४५ | १५ | ०.४ | २७० | १.०० | ९५३५.०५ | ७६२८०.४ |
| अर्जुन खोला | चाख्लि घाट देखि दक्षिण सोरठि दोभान सम्मको क्षेत्र १ | ढुङ्गा, गिट्टि, वालुवा | ३५० | २५ | १ | ८७५० | ३२.४० | ३०९००६.२५ | २४७२०५० |
| | चाख्लि घाट देखि दक्षिण सोरठि दोभान सम्मको क्षेत्र २ | ढुङ्गा, गिट्टि, वालुवा | ३७० | २५ | १ | ९२५० | ३४.२५ | ३२६६६३.७५ | २६१३३१० |
| | **कुल जम्मा** | | | | | **९६९३७.५** | **३५९.१** | **३४२९७०४.५१** | **२७४३७६३६.१** |

## निर्णय नं. ८

घोराही उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखा अन्तरगत शाखा तथा वडा कार्यालयबाट आ.व.२०८१/८२ मा संचालन हुने स्वस्थ्य सम्बन्धी कार्यक्रम मार्गदर्शन २०८१ विधेयक समितिमा छलफल गरी थप अध्ययनका लागि कार्यपालिका समक्ष पेश गरियो।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाको विभिन्न शाखाबाट पारित तथा संशोधनका लागि पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु पारित तथा संशोधन गर्ने निर्णय गरियो।

**तपसिलः**

(क) कर्मचारी प्रोत्साहन तथा अतिरिक्त भत्ता सम्बन्धी मापदण्ड २०८१

(ख) घोराही उपमहानगरपालिकाको वार्षिक योजना/कार्यक्रम तथा बजेट तर्जुमा दिग्दर्शन सम्बन्धमा।

(ग) घोराही उपमहानगरपालिकाको आन्तरिक लेखा परिक्षकको आचारसंहिता सम्बन्धमा।

(घ) घोराही उपमहानगरपालिकाको नागरिक बजेट निर्देशिका सम्बन्धमा।

(ङ) सामुदायिक सिकाइ केन्द्रमा परिचालक व्यवस्था गर्ने सम्वन्धी कार्यविधि, २०८१

(च) भवन निर्माण अनुमति तथा इजाजत सम्बन्धी कार्यविधि (दोस्रो संशोधन) २०८१ ।

**निर्णय नं. १०**

**१०.१** योजना कार्यान्वयन सम्बन्धमा वडा कार्यालयहरुले आफ्नो वडा बाहेक अन्य वडाक्षेत्रमा बजेट विनियोजन गरी कार्यान्वयन नगर्ने। यसरी कार्यान्वयन भएमा त्यसको भुक्तानी उपमहानगरपालिकाले नगर्ने निर्णय गरियो।

**१०.२** संघीय सरकारबाट विनियोजन भएको योजना शीर्षक दाङ जिल्ला घोराही उपमहानगरपालिका नारायणपुर-कटुकी सेवार- रज्जे मन्नामेहुँदै खङ्ग्रानाका जोडने सडक स्तरउन्नतीका लागि संघीय सरकारबाट बजेट विनियोजन भएकोमा उक्त योजना कार्यान्वयन घोराही उपमहानगरपालिकाको डाँगीगाँउबाट रज्जेमन्नामेतर्फ सडक निर्माणको कार्य अगाडी बढाउन शहरी विकास तथा भवन कार्यालय, घोराही दाङलाई अनुमती दिने।

**निर्णय नं. ११**

**११.१** घोराही उपमहानगरपालिका वडा नं. १२ बस्नेत गणेश बादीको मिति २०८१।०६।१७ गते विरामी भई मृत्यु भएको, उहाँ परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले उहाँको परिवारलाई काज किरिया खर्चको लागि रकम रु.१५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट सहयोग स्वरुप रकम उपलब्ध गराउने।

**११.२** घोराही उपमहानगरपालिका वडा नं. १० निवासी गौमती थापा क्यान्सर रोगबाट पिडित भएको र उहाँको आर्थिक अवस्था समेत कमजोर रहेकोले उपचारका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १० नं. वडा कार्यालयको च.नं. १००८, मिति २०८१।०६।२० गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको उपचारका लागि रकम रु.१५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**११.३** लेनिन स्मृति शतवार्षिकी समिति दाङलाई शतवार्षिकी अभियान संचालनमा भएको खर्च विल भर्पाई अनुसार सम्बन्धीत पार्टीलाई रकम रु.१०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**११.४** घोराही उपमहानगरपालिका वडा नं. १० पत्थरकोटीया बस्ने बिनिता डाँगीले त्रिभुवन विश्वविद्यालय प्राणीशास्त्र केन्द्रीय विभाग किर्तिपुर काठमाण्डौमा अध्ययनरत उहाँले Prevalance of Trypanosoma Spp. in cattles Ghorahi Sub-Metropolitian City शीर्षकमा शोधपत्रका उहाँलाई सहयोग स्वरुप रकम रु.१५,०००।-घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।